सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक


♦ वर्ष ८ ♦ अंक ३९ ♦ २०८१ साल भदौ १९ गते बुधवार ♦ 4 Sep 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## महोत्तरीमा स्याल र कुकुरको टोकाइबाट १४ जना घाइते, तीनको अवस्था गम्भीर



**खबर दर्पण समाचारदाता**
**भदौ १८ गते, बर्दिवास**

महोत्तरीमा स्याल र कुकुरको टोकाइबाट १४ जना घाइते भएका छन्। प्रादेशिक अस्पताल जलेश्वरको आकस्मिक कक्षले दिएको जानकारीअनुसार पछिल्लो दुई दिनमा स्याल र कुकुरले टोकेर १४ जना घाइते भएका हुन्।

घाइतेहरूको उपचार प्रादेशिक अस्पताल जलेश्वरमा भइरहेको छ। जसमध्ये गम्भीर घाइते तीनजनालाई थप उपचारको लागि जनकपुर पठाइएको स्वास्थ्यकर्मी राजीवकुमार पाठकले बताए।

जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-३ मलिवारा बस्ने ३२ वर्षीया उषा देवी, १४ वर्षीया शिवानी मिश्रा, ३३ वर्षीय दिलीपकुमार मण्डल र सात वर्षीय अर्पितकुमार महतोलाई घरै अगाडि वन क्षेत्रबाट आएको स्यालले टोकेर घाइते बनाएको छ।

त्यस्तै जलेश्वर नगरपालिका-६ बस्ने ३५ वर्षीया लिलम देवी, १२ वर्षीया माया कुमारी र १२ वर्षीया सङ्गीता मण्डललाई वन क्षेत्रबाटै आएको स्यालले टोकेर घाइते बनाएको जनाइएको छ।

विगत दुई दिनदेखि जलेश्वर नगरपालिका-३ र ६ को वन क्षेत्रमा स्यालले आतङ्क नै मच्चाएको छ भने वनक्षेत्र वा साँझ र एकाबिहानै वन क्षेत्रको बाटो भएर आउजाऊ गर्नेमाथि स्यालले आक्रमण गरेर घाइते बनाउने गरेको छ। स्यालले जिल्लामा आतङ्क नै मच्चाइरहेका बेला जिल्लामा कुकुरले टोकेर सात जना घाइते भएका छन्।

कुकुरले टोकेर घाइते हुनेहरूमा जलेश्वर नगरपालिका-२ का ६० वर्षीया सागर देवी, ४० वर्षीय विलास साह, जलेश्वर-१० का ६९ वर्षीया निर्मला देवी, ६४ वर्षीय रासिद अन्सारी, बलवा नगरपालिका-३ का ३७ वर्षीय जुगेश्वर यादव र लोहारपट्टी नगरपालिकाका ५३ वर्षीय नसरुद्दिन राईन रहेको प्रादेशिक अस्पताल जलेश्वरले जनाएको छ।

स्याल र कुकुरले टोकेर घाइते भएकालाई उपचारको लागि चाहिने एन्टिरेबिज भ्याक्सिन ५० जनालाई पुग्ने रहेकाले तत्कालै भ्याक्सिनको अभाव नहुने जनाइएको छ।

यसै क्रममा अनुहार, मुख र ओठ नै काटिने गरी गम्भीर घाइते भएका तीन जनालाई उपचारको लागि 'इमिनो ग्लोबिन' लगाउनुपर्ने तर सो भ्याक्सिन प्रादेशिक अस्पताल जलेश्वरमा उपलब्ध नरहेको कारण उनीहरूलाई थप उपचार को लागि जनकपुर पठाइएको हो।

स्याल र कुकुरले टोकेर घाइते भएकालाई एन्टि रेबिज भ्याक्सिन (एआरभी)को तीनरतीन डोज लगाउनुपर्ने छ। विगत दुई दिनमा जिल्लामा स्याल र कुकुरको टोकाइबाट १४ जना घाइते भए पनि स्याल र कुकुर नियन्त्रणको लागि कुनै निकायबाट कुनै पहल भएको छैन।

## सिरहामा दुई लघुवित्तमा आगजनी

**खबर दर्पण समाचारदाता**
**भदौ १८ गते, बर्दिवास**

सिरहामा दुई लघुवित्त संस्थामा महिला समूहले आगजनी गरेका छन्। गोलबजार नगर पालिका-७ स्थित सिर्जनशील लघुवित्त र जीवन विकास लघुवित्त चोहर्वा शाखामा महिला समूहले मंगलबार आगजनी गरेको हो।

त्यसक्रममा कार्यालयका कागजात तथा कम्प्युटर, ल्यापटप, मोबाइलजस्ता उपकरण जलेर नष्ट भएका छन्।

२० जनाको समूहमा आएका महिलाहरूले सिर्जनशील लघुवित्तको कार्यालयभित्रै ल्यापटप दुई थान र टेबलमा भएका सम्पूर्ण कागजात नियन्त्रणमा लिएर जलाएको संस्थाका अध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिए।

उनका अनुसार दुई/तीन जनाका दरले ग्राहकजस्तै भएर आएका महिलाले एक्कासी कागजात र ल्यापटप नियन्त्रणमा लिएर जलाएका थिए।

यसैगरी जीवन विकास लघुवित्तमा पनि दुई वटा डेक्सटप कम्प्युटर कामै नलाग्नेगरी फुटाइएको र विभिन्न कागजात नियन्त्रणमा लिइएको बताइएको छ।

लघुवित्त तथा वित्तीय

बाँकी पृष्ठ २ मा






# हार्दिक श्रद्धाञ्जली

जन्म मितिः
२०४१।११।२९



मृत्यु मितिः
२०८१।०५।०८

रामगोपालपुर नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री **मुकेश कुमार यादव** को **३९** वर्षको अल्पआयुमै मिति २०८१ साल भाद्र ८ गतेका दिन भएको असामयिक निधन प्रति हामी स्तब्ध छौं । दिवंगत आत्माको चिर शान्तीको कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै दुखको यस घडीमा शोकसन्तप्त परिवारजन, ईष्टमित्र तथा शुभचिन्तकहरु प्रति गहिरो सहानुभुति प्रकट गर्दै धैर्य धारण गर्ने शक्ति मिलोस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**राम दुलार साह**
नगर प्रमुख
तथा
**रामगोपालपुर नगरपालिका परिवार, महोत्तरी**



# मधेसमा चौरचन पर्व नजिकिएसँगै चहलपहल, बजारमा पूजा सामग्री किनमेल गर्नेको भिड





**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**भदौं १८ गते, महोत्तरी**

तराई-मधेसमा मनाइने चौरचन पर्व नजिकिएसंगै महोत्तरी जिल्लाको औरही नगरपालिका १ मा लाग्ने औरही बजारसहित तराई-मधेसका जिल्लाहरुको बजारमा माटोको भाडाकुडाको व्यापार बढेको छ। तराई-मधेश क्षेत्रमा मधेशी,मैथली र थारु समुदायका स्थानीयहरुले सघन रुपमै गरिने चौरचन पर्वमा माटोको भाँडाकुँडाको माग बढेको छ ।

चौरचन पर्व सबैले मनाउने भएकाले माटोको भाडो व्यापार बढेको हो। एक परिवारले करि ब ३ सय रुपियाँको माटोको भाडो खरिद गर्नुपर्ने हुन्छ । यहाँका हजारौं परिवारले चौरचन पर्व मनाईरहेका छन्। यस वर्ष हुने पर्वमा घैला, छाछी अर्थात कन्तारी, मटकुरी, लाबैन, दियो, र फुच्ची लगायतका माटोको भाडाहरुमा दही, खीर र फलफुल तथा मिठाइ राखेर पुजापाठ गर्ने भएकाले माटोको भाडाको माग अत्याधिक बढेको हो। स्थानीयहरुले चौरचनको १ महिना अघिबाट नै माटाका भाडाहरु खरिद गरेर लगने गरेको बताइएको छ ।

यस वर्ष भाद्र २१ गते चौरचन र हरितालिका तिज पर्व एकै साथ रहेको छ।

विगतमा ५ देखि १० रुपियाँमा पाइने ती माटाका भाडाहरु अहिले ५० देखि १०० रुपियाँसम्ममा र कुनै कुनै भाडो १ सय देखि २ सयसम्ममा बिक्रिवितरण भएको स्थानीयहरुले बताएका छन् । यसवर्ष यहाँको इतिहासमै सबभन्दा बढी महगोंमा माटोको भाडोको खरीदविक्रि भएको छ ।

चौरचन गर्ने स्थानीयहरुले माटो भाडाकुडा मंहगो भएको गुनासो गरेका छन्। उता माटाका भाडा बनाउने र विक्रिवितरण गर्ने कुमालेहरुले वर्षभरी आफुहरुको व्यापार र पेशा अन्य समयमा नचलेको तथा माटोको भाडो बनाउन श्रम बढी खर्चिनुपर्ने बाध्यता रहेकाले महगोंमा



भाडाबेच्न बाध्य भएको बताएका छन् ।


चौरचनका लागि महोत्तरी जिल्लाकोको औरही लगाइत गौशाला ,रामगोपालपुर ,भंगहा,जलेश्वर लगागतका स्थानीय हाटहरुमा माटाका भाडाहरु किन्ने स्थानीयहरु नजिकको बजारमा भिड लागने देखिएको छ ।


सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्य सम्झनु होस् ।

# शिरीष अफसेट प्रेस

बर्दिबास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- ✓पत्रिका
- ✓क्यालेण्डर
- ✓रजिष्टर, डाइरी
- ✓किताब
- ✓परीक्षा कपी
- ✓पर्चा पम्पलेट
- ✓बिल, भाउचर,



- ✓स्क्रिन प्रिन्ट
- ✓विवाह कार्ड
- ✓प्रमाण पत्र
- ✓भिजिटिङ्ग कार्ड
- ✓झोला प्रिन्ट
- ✓रबर स्टाम्प




- ✓फ्लेक्स प्रिन्ट
- ✓ब्यानर प्रिन्ट
- ✓होर्डिङ्ग बोर्ड
- ✓स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# शैक्षिक गुणस्तर सुधारका लागि प्रदेश सरकारले नीति बनाउँदै छः मुख्यमन्त्री सिंह



**खबर दर्पण समाचारदाता**
**भदौं १८ गते, जनकपुरधाम**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेश प्रदेशको शिक्षामा भएको विकृति तथा विसङ्गतिको अन्त्य गर्नका लागि सरकारले शिक्षा नीति बनाउन लागेको बताउनु भएको छ ।

मुख्यमन्त्री सिंहले मधेश प्रदेशकै सबै भन्दा पुरानो याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय जनकपुरधाममा प्रदेश सरकारको आर्थिक सहयोगमा निर्माण भएको "याज्ञवल्क्य सदन" छात्रावासको आज उद्घाटन गर्नुहुँदै सो कुरा बताउनु भएको हो । उहाँले शिक्षा नीतिको निर्माण गरेर प्रदेशमा योग्य एवं सक्षम नागरिक उत्पादन गर्ने गरि सरकार अगाडी बढ्न चाहेको बताउनुहुँदै यसका लागि शिक्षामा गुणात्मक सुधारको खाँचो भएको बताउनु भयो । मुख्यमन्त्री सिंहले मधेश प्रदेशको शिक्षाको स्तर माथि नउठेसम्म प्रदेशको विकास सम्भव नभएको बताउँदै माध्यमिक शिक्षा प्रदेश सरकारमा नभए पनि माध्यमिक तहको शिक्षामा सुधारका लागि सरकारले सबै प्रकारको सहयोग एवं लगानी गरेको र गरिरहने बताउनु भयो । उहाँले मधेश प्रदेशको केही जिल्लाहरूमा नमूना शैक्षिक पार्कको निर्माण गर्नका प्रदेश सरकारको चालु आर्थिक वर्षमा कार्यक्रम नै ल्याएको बताउँदै प्रदेशकै ऐतिहासिक विद्यालयको रुपमा रहेको ज्ञानकूपमा नमूना शैक्षिक पार्क निर्माण गर्न चाहेको बताउनु भयो ।

विद्यालयका प्रधानाध्यापक संजय कुमार झाले विक्रम सम्वत १८८५ मा ज्ञानकूप संस्कृत माध्यमिक विद्यालय आवासीय विद्यालयको रुपमा परिणत भएको बताउँदै अहिले विद्यालयमा २ हजार ५ सय भन्दा बढी बिद्यार्थीहरु अध्ययनरत रहेको बताउनु भयो । उहाँले प्रदेश सरकारको सहयोगमा विद्यालय परिसरमा निर्माण भएको खेलकुद मैदानको पूर्णता दिनका लागि आग्रह गर्दै अहिलेको सम्पूर्ण छात्रावासलाई विस्थापित गरेर नयाँ छात्राबासको निर्माण आवश्यक भएको बताउनु भयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं जनकपुरधाम उपमहानगरपालिका वडा नं ८ का वडाध्यक्ष दिनेश कुमार सिंहले नमूना विद्यालयको रुपमा रहेको ऐतिहासिक विद्यालयको विकासमा थप लगानी गर्नका लागि प्रदेश सरकारसँग माग गर्नु भयो ।

# सम्सीबाट लागुऔषध कोडाइनको ३६० बोतल बरामद



**खबर दर्पण समाचारदाता**
**भदौं १८ गते, जनकपुरधाम**

सशस्त्र प्रहरी बल नेपालले महोत्तरीको सम्सी गाउँपालिका-४ भेटपुरबाट प्रतिबन्धित लागुऔषध कोडाइनको ३६० बोतल बरामद गरेको छ।

सशस्त्रको बोर्डर आउट पोस्ट (बिओपी), साम्सीबाट गस्तीमा खटिएको टोलीले मंगलबार बिहान ६:३० बजे भारतबाट नेपालतर्फ आइरहेका सवारीसाधनहरू चेकजाँच गर्ने क्रममा कोडाइन बरामद गरेको हो।

सशस्त्रको टोलीलाई देखेर बिआर ०६ बिए ५०४३ नम्बरको भारतीय नम्बरको मोटरसाइकलमा सवार व्यक्ति मोटरसाइकल छाडी भारततर्फ भागेपछि मोटरसाइकलमा रहेको जुटको बोरा चेकजाँच गर्दा वनरेक्स (इलभचभह) लेखिएको ३६० बोतल कोडाइन फेला परेको हो। मोटरसाइकलचालकले एक थान मोबाइल पनि छोडी भागेका सशस्त्रले जनाएको छ।

बरामद भएको लागुऔषध, सवारीसाधन र मोबाइल थप अनुसन्धानका लागि नेपाल प्रहरीलाई बुझाइने बिओपी साम्सीका कमान्डर सशस्त्र प्रहरी निरीक्षक कृष्णबहादुर गुरुङले जानकारी दिए।

नेपालमा २०४७ मंसिर ३ गतेदेखि कोडाइन र त्यसको सम्मिश्रण भएका औषधिहरूको उत्पादन, बिक्री वितरण, भण्डार, ओसारपसार र आयात निर्यातमा प्रतिबन्ध लगाइएको छ।


**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**


## माइग्रेसन र प्रोभिजनल सर्टिफिकेट हरायो

जनकपुर बाट धारापानी जाने क्रममा मिति २०८० फागुन १० गते मेरो तपसील अनुसारको विवरण भएको माइग्रेसन र प्रोभिजनल सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकै को प्रहरी कार्यालयमा बुझाइ सहयोग गरिदिनु हुन अनुरोध गर्दछु।

नाम : शिव प्रसाद शर्मा
कक्षा : १० + २
सिम्बल नं. : ९७२६२२
रजिष्ट्रेसन नं. :६७२०१४२३४
पास भएको वर्ष : २०६८
विद्यालयको नाम : जन ज्योती उच्च मा.वि. फोस्रेटार, सिन्धुली
सम्पर्क नं. : ९८०७६२७५७५




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,